# आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

# लेकम गाउँपालिका

## दार्चुला जिल्ला

### सुदुरपश्चिम प्रदेश

**प्रस्तुत कर्ता**

**परमानन्द जोशी**

गाउँपालिका अध्यक्ष

मिति २०७७।०३।१०

सम्पुर्ण गाउँ सभा सदस्यहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरु

१.समग्र  बिश्व मानव समुदाय कोभिड १९(कोरोना भाइरस) को महामारीबाट आक्रान्त भइरहेको चुनौतिपुर्ण र असहज अवस्थामा आज यस लेकम गाउँपालिकाको आ.ब.२०७७।७८ को सातौ गाउँ सभामा वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२.विगतमा भएका विभिन्न ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका निमित्त आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्दासुमन अर्पण गर्दछु । राजनैतिक आन्दोलनमा बेपत्ता भएका नागरिक र घाइते योद्दाहरु प्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दछु साथै सामाजिक, राजनितिक परिवर्तमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सम्पुर्ण अग्रजहरु प्रति आभार प्रकट गर्न चाहन्छु । साथै कोरोना भाइरस कोभिड १९ महामारीको कारण देश तथा विदेशमा दिवङ्गत हुनुहुने सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरु प्रति हार्दिक श्रदा सुमन अर्पण गर्दछु र उपचाररत सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३.कोभिड १९ को महामारीको संक्रमण नियन्त्रण तथा न्युनिकरणका लागी दिनरात प्रत्यक्ष उपचार तथा समग्र व्यवस्थापनमा खटिरहनु भएका सम्पुर्ण स्वास्थ्य कर्मी ,सुरक्षा कर्मी,व्यवस्थापकिय पक्षमा खटिरहनु भएका कर्मचारीहरु तथा कोरोना भाइरस बिरुद्वको अभियानमा सहकार्य र सहयोग गर्नु हुने सम्पुर्ण स्थानिय तहका जनप्रतिनिधिहरु ,राजनितिकर्मिहरु,निजि क्षेत्र,संघ संस्था,नागरिक समाज,संचार जगत लगायत व्यापारी ,बुद्धिजीवी तथा लेकमवासी आम जनसमुदाय प्रति हार्दिक आभार गर्दछु ।

४.नेपाल सरकारले हालैमात्र दार्चुला जिल्लामा पर्ने लिम्पियाधुरा लिपुलेक र कालापानी समेतको नेपाली भूभाग समेटेर नयाँ नक्शा जारी गरेकोमा लेकम गाउँपालिका तथा लेकमवासीको तर्फबाट नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो देशको भूभागमा बाह्य अतिक्रमण समाप्त हुनुपर्छ र हाम्रो भूमिको भौगोलिक अखण्डता सुदृढ हुनुपर्छ भन्नेमा सबै नेपालीको एउटै धारणा रहनु पर्छ भन्नेमा हाम्रो गाउँपालिका दृढ रहेको छ ।

सम्पुर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु,

अब म आ.ब.०७६।७७ मा घोषित निति तथा कार्यक्रमहरुका उपलब्धीहरुको बारेमा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

५.लेकम गाउँपालिकाको केन्द्र नेपाल राजपत्रमा  लेकम ४ रातामाटा तोकिएको र उक्त स्थानको हाल डिपीआर निर्माणको प्रकृयामा रहेको छ ।

६.लेकम गाउँपालिकाको विकासको मेरुदण्ड सडक विस्तारको कार्य तिव्रताका साथ अगाडी बढी रहेको छ, हाल सम्म वडा नम्बर ०१,०४,०५ र ०६ को केन्द्रमा सडक पुगिसकेको छ ।

७.ग्रामिण विद्दुतिकरण विस्तारका लागि प्रकृया अगाडी बढाएको छ ।

८.लेकम गाउँपालिकाका ४ वटा वडा कार्यालय भवनहरुको कामकाज भइरहेकोमा सबै वडा कार्यालयको भवन निर्माण सम्पन्न भइ सकेको छ ।

९.लेकम गाउँपालिकाका सबै वडाहरु र गाउँपालिकामा VIANET ईन्टरनेट सेवा विस्तार गरिएको र गुणस्तरिय ईन्टरनेट सेवाको लागी लेकम गाउँपालिकाको केन्द्रमा नेपाल टेलिकमको कैनोडा टावरबाट Lease Line ईन्टरनेट सेवा जडान भइसकेको छ ।

१०.सिगों विश्व नै कोरोना भाइरस कोभिड १९ संग जुधिरहेको वर्तमान अवस्थामा लेकम गाउँपालिकाले लकडाउनका कारण बिचल्लीमा परेका लेकम गाउँपालिका भित्रका पहिलो चरणमा ६१३ परिवार र दोस्रो चरणमा २३४८ परिवारलाई राहत वितरण गरेको छ । लकडाउन सरु भएदेखि अहिलेसम्म ३४८ जना क्वारेन्टाइनमा राखियो ।कोरोनाको सम्भाव्यताका आधारमा हालसम्म जम्मा ४५७ जनाको RDT परिक्षण गरियो भने ८६ जनाको PCR परिक्षण गरियो ।

सम्पुर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु

अब म लेकम गाउँपालिकाको आ.ब.२०७७।७८ को निति तथा कार्यक्रमहरु यस सम्मानित सभामा पेश गर्न चाहन्छु ।

११.आ.ब. २०७७।७८ को संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारले प्रस्तुत गरेको निति तथा कार्यक्रम र बजेटसँग तादाम्यता एवं सन्तुलन कायम हुने गरि र गत आ.ब.का बजेटमा भएका कमि कमजोरीहरु मध्यनजर गर्दै यस आ.ब.२०७७।७८ का लागि निति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

१२.संघिय सरकार, सुदुरपश्चिम प्रदेश सरकार र आन्तरिक आम्दानीबाट प्राप्त वित्तिय श्रोतलाइ ६ वटै वडाहरुमा भौगोलिक विकटता, जनसंख्या, आवश्यकता, समावेशिता, समन्यायिक एवम समानुपातिक रुपमा वितरण गरिनेछ ।

१३.गाउँपालिकाको समग्र विकासका लागि सार्वजनिक, निजि र सहकारी क्षेत्रलाइ समृदीको सम्वाहकको रुपमा लिइ यी क्षेत्र बिचको सहकार्य र साझेदारीलाइ थप बलियो एवम प्रभावकारी बनाइनेछ ।

१४.चालु खर्चमा मितव्ययिता अपनाइ पुजिगत खर्चमा बढोत्तरी गर्ने निति लिइनेछ ।

**क. आर्थिक विकास तर्फ**

**"कृषि नै लेकम गाउँपालिकाको समृद्वी"** भन्ने मूल नाराका साथ कृषि लाई प्राथमिकताका साथ अवलम्बन गर्नको लागि कृषि क्षेत्र तर्फ तपसिल बमोजिमका निति कार्यक्रमहरु कार्यान्वयमा ल्याईनेछ ।

१५.कृषि लाई व्यवसायिकरण गर्दै गरिबी निवारणमा सहयोग पुग्ने कार्यक्रमहरु युवा लक्षित कार्यक्रमहरु,एकल महिला लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१६.सिचाई,कृषि बस्तु,संकलन केन्द्र,शित भण्डारण(कोल्ड स्टोर,संकलन केन्द्र)जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१७.विपन्न वर्ग,महिला र दलित बर्गबाट कृषि उद्धम स्थापना संचालन गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।

१८.बाली बस्तुको उत्पादन वृद्वी गर्नका लागी उन्नत तथा श्रोत बिउविजन ५० प्रतिशत अनुदानमा कृषकहरु लाई वितरण गरिनेछ ।

१९.कृषि उपज उत्पादन क्षेत्रमा रासायनिक मल,विषादीको प्रयोगको सट्टा प्रागांरिक मल र वनस्पति जन्य हर्मोन आदिको प्रयोग लाई प्राथमिकता दिईनेछ ।

२०.व्यवसायिक रुपमा तरकारी,फलफुल व्यवसाय गर्ने कृषकहरुलाई अनुदानमा बिउविजन उपलब्ध गराइनेछ । साथै टर्कीको ओखर ,स्थानिय ओखर,आँप ,सुन्तला,अनार,अलैची ,नगदी बाली र फलफुलको खेती गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२१.एक वडा एक संकलन केन्द्र स्थापना कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२२.एक वडा एक फलफुल बगैचा स्थापना र खाद्यान्न  बाली उत्पादन पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन तथा प्रवद्वन गरिनेछ ।

२३.कृषक ,कृषक समुह,सहकारी तथा सरोकारवालाको अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

२४.साना किसान लक्षित कार्यक्रम तर्फ प्रस्तावमा आधारित युवा लक्षित कार्यक्रम च्याउ ,मौरी पालन ,तरकारी,पुष्प व्यवसाय,कागती खेती आदी व्यवसाय प्रवद्वन गरिनेछ ।

२५.कृषकहरुको मागको आधारमा अनुदानमा  फलफुल तथा पुष्प नर्सरी स्थापना गरिनेछ ।

२६.कृषिमा आधुनिकिकरण गर्नका लागी कृषि यन्त्रवितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा संचालनमा ल्याईनेछ ।

२७.एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम लाई केन्द्र सरकारको निति अनुरुप स्थानिय सरकारले समेत सहभागिता जनाई कार्यक्रम सञ्चालनमा सहजता जनाईनेछ ।

२८.कृषि प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्नका लागी प्रत्येक वडा कार्यालयहरुमा कृषि प्राविधिक जनशक्तीको व्यवस्थापन गरिनेछ ।

२९.गाउँपालिका अन्तर्गत रहेको बाझो भु-उपयोगमा ल्याउन सकिने जमिनको सदुपयोग गर्न सिचाईको व्यवस्थापन गर्दै फलफुल विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

३०.कृषिमेला प्रर्दशनी आयोजना गरि उत्कृष्ट कृषक लाई पुरस्कारको व्यवस्था गरिनेछ ।

३१.एक घर एक करेसाबारी व्यवस्थापन कार्यक्रम र फलफुल बगैचा स्थापना गर्नका लागी माटो सुधार कार्यक्रम संचालन गरिनेछ ।

३२.आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

३३.प्रस्तावका आधारमा सञ्चालन गरिने व्यवसायिक युवा लक्षित कृषि विकास कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

३४.एकिकृत बाली तथा जल  व्यवस्थापन कार्यक्रम सञ्चालनका लागी प्रत्येक वडा कार्यालय अन्तर्गत एक एक वटा कृषक पाठशाला कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

३५.गरिबी निवारण कोष द्वारा प्रवर्दित सामुदायिक संस्थाहरुलाई सहकारी संस्थाका रुपमा विकास गरि रोजगारी सृजना गर्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।

३६.विभिन्न संगठित समुहहरुलाई सहकारी प्रति आकर्षिक गर्न अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछन । साथै यसका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३७. "पशुजन्य (दुग्ध, मासु,अण्डा )उत्पादनमा वृद्धि, आर्थिक उपार्जन सहितको समृद्धि" भन्ने नाराका साथ गाउँपालिकालाई ३ वर्ष भित्रमा दुग्ध मासु ,अण्डा मा आत्मनिर्भर बनाउन विशेष कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३८.पशुपन्छी नश्ल अनुसार,पौष्टिक दाना ,आहाराको व्यवस्था,पशुपन्छी स्वास्थ्य सेवा एंवम उत्पादित पशुजन्य पदार्थको बजारीकरण सहित सबै पक्षलाई समानान्तर रुपमा अगाडी बढाई एकिकृत रुपमा सेवाप्रदान गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

३९.किसानहरुको दैनिकी लाई सहज गर्न एवं उत्पादन मा बृद्धि गर्न व्यावसायिक किसानलाई उपकरण वितरण कार्यक्रम (बर्डीजो घासँ काट्टने मसिन )यसै वर्ष बाट संचालनमा ल्याईनेछ ।

४०.भुक्षय न्युनिकरण एवम घाँस उत्पादन कार्यक्रम लेकम गाउँपालिका सडक संजालमा  यसै वर्ष बाट संचालन गरिनेछ ।

४१.लेकम गाउँपालिका भित्रका अति बिपन्न परिवारलाई पशु पालनका लागि सहयोग गरिने निति ल्याईनेछ ।

४२.पशुजन्य पदार्थको उत्पादन बृद्धि गर्ने स्वस्थ पशु आहारा तथा आवश्यक उपचारको व्यवस्था मिलाईनेछ ।

४३.पशु वस्तुभाउमा लाग्ने माहामारी रोगको कारण हुने क्षति र कृषकहरुको लगानिमा हुने जोखिमलाई ध्यानदिदै यसको क्षति न्युनिकरण गर्न नाम्ले तथा अन्य जुकाको औषधीवितरण तथा माहामारी विरुद्धका भ्याक्सिन अभियानका रुपमा सबै वडाहरुमा यसै वर्ष देखी संचालन गरिनेछ ।

४४.ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता एवम भेटेरिनरी प्राविधिकको लागी घुम्ती कोषको स्थापना गरिनेछ।

४५.किसान कल्यान कोष संचालन गरी पशु वस्तुहरुमा दैविक प्रकोप महामारी वा कुनै दुर्घटना हुन गएमा किसान लाई राहत पुयाउन कोष यसै वर्ष देखी संचालनमा ल्याइनेछ ।

४६.यसै वर्ष देखी पशुपंन्छी हाट बजार संचालनमा ल्याईने छ ।

४७.खेर गईरहेको जमिन सामुदायिक वन निजि वन मा पशु वस्तुलाई आवश्यक पर्ने पोषीलो घाँस को कमि भइरहेकाले चरन क्षेत्र सुधार गरी पशु वस्तुको उत्पादन एंव वातावरणीय व्यवस्थापनमा सुधार कार्यक्रम यसै वर्ष देखी संचालनमा ल्याइनेछ ।

४८.वास्तविक कृषकलाई सरल ढङ्गले उत्पादनमा अनुदान दिईने निति ल्याइनेछ ।

४९. पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी भएका व्यवसायका जानकारी प्रचार प्रसारको माध्यम प्रयोग गरि कृषक समक्ष जानकारीमा ल्याउने कार्यक्रम यसै बर्षबाट संचालनमा ल्याइनेछ ।

५०.आगामी आ.ब.२०७७|७८ श्रावण १ गते देखि लागु हुने गरी राजश्व परामर्श समितिको सिफारिसमा करको दायर फराकिलो बनाईनेछ । र करको दर समयसापेक्ष बनाइनेछ ।

५१.**"एक घर एक रोजगार गरिबी बिरुद्वको हतियार"** भन्ने नाराका साथ दीर्घकालीन रोजगारी सृजना गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन ६ वटै वडामा लघु उद्योग जस्तै कुकिङ तालिम ,सिलाई जस्ता अन्य तालिमहरु संचालन गरिने निति लिएकोछ ।

५२. प्रधानमन्त्री रोजगार कार्यक्रम द्वारा संचालन हुने श्रममूलक आयोजनाहरुमा निर्माण सामग्री खरिद गर्न आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।

५३. अपाङ्गता भएका ब्यक्तिहरुलाई स्वरोजगार हुनेगरी तालिम तथा श्रोत साधन उपलब्ध गराइ  आत्मनिर्भर हुने गरी बजेट ब्यबस्था गरिनेछ ।

५४.परम्परागत ब्यबसाय तथा ज्ञान सिपलाई आधुनिकीकरण गरेर रोजगारी बृद्धि गर्न कार्यक्रम ल्याइनेछ ।

५५. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्न प्रशिक्षण तालिम गोष्ठी भ्रमण लगायतका लागि रोजगार सेवा केन्द्रलाई यथोचित बजेट ब्यबस्था गरिनेछ ।

५६. स्थानीय तहमा दर्ता भएका बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।

५७. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई थप शसक्त रुपमा कार्यान्वयन गरिनेछ ।

५८. गाउँपालिकामा संचालित संघ प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुबाट नै लगाइने ब्यबस्था गरिनेछ ।

५९. रोजगारीका संभावनाको वास्तबिकता  पत्ता लगाउन रोजगारीका क्षेत्रहरुको नक्शाङ्कन कार्य अघि बढाइनेछ ।

६०. कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक सुरक्षासहितको श्रम ब्यबस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

६१."युवाहरुमा स्वाबलम्बनको खाँचो स्वरोजगामा लेकम सरकारको चाँसो" भन्ने नाराका साथ शिक्षित बेरोजगार युवा श्रमशक्तिलाई स्वरोजगार हुने गरि श्रोत साधनको ब्यबस्था गरिनेछ र बिदेशमा ज्ञान सिकेर आएकाहरुको ज्ञान सिपको भरपुर उपयोग गरिनेछ।

६२.आ.ब.२०७७।७८ मा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ, र सो कार्यका लागि लक्ष्मी बैंक लेकम शाखासँग आवश्यक समन्वय गरिनेछ ।

६३.कृषिको आधुनिकिकरणका लागी प्रत्येक टोल टोलमा गहुँ,मकै आदी कुटानी पिसानीका लागी जनसहभागितामा आधारित समुहबाट संचालित हुने गरि चक्की,मिलको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

६४.खरी रोगको कारण भैसिको संख्या क्रमश घट्दै गहिरहेकोले  भैसिको संरक्षण गर्न खरि रोग न्युनिकरणको कार्यक्रम संचालन गरिनेछ ।

६५.बाख्रा पालन व्यवसायलाई व्यवस्थित गर्न पकेट क्षेत्र बिस्तार गरि बाख्रा पालन कार्यक्रम संचालनमा ल्याईनेछ ।

६६.बिपन्न दलित कृषक लाई पशुपालन सम्बन्धी व्यवसायको व्यवसायिक बिकास गर्न समुह गठन परिचालन गरि कुखुरा बाख्रा तथा बङ्गुरका पाठा पाठी वितरण कार्यक्रम संचालन गरिनेछ ।

**ख. सामाजिक विकास**

६७.अपाङ्गता भएका व्यक्तिहरुको सक्षमताका आधारमा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरि क्षमता विकास गर्ने कार्यक्रम संचालन गरिने छ।

६८.अपाङ्गता भएका व्यक्तिहरुलाई आधुनिक प्रविधिमा पहुच पुर्याई प्राविधिक शिक्षा तर्फ आकर्षित गर्दै लगिनेछ ।

६९. लेकम गाउँपालिका भित्रका Spinal Injury भइ अपागंता भएका व्यक्तीहरुका लागी Wheel चेयर लगायतका आवश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

७०.गाउँपालिका क्षेत्र भित्र हुने बाल विवाह र लैगिक हिंसालाइ निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

७१.लक्षित वर्गहरु जस्तै महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्तीहरु, अल्पसंख्यक र जेष्ठ नागरिकहरुलाइ सिप र उद्दमशिलता प्रर्वदन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७२.हाम्रो समाजमा विद्दमान रहेका महिला हिसां, छाउपडी प्रथा र जातिय भेदभाव उन्मुलन गर्न आवस्यक कार्यक्रम सहित सामाजिक रुपान्तरण अभियान संचालन गरिनेछ । साथै एकल महिलाहरुको लागी आयमुलक र सिपमुलक कार्यक्रमहरुको व्यवस्था गर्ने निती ल्याईनेछ ।

७३.लेकम गाउँपालिका अन्तर्गतका ४ वटै स्वास्थ्य संस्थाहरुमा महिला प्रजनन स्वास्थ्य बारे जनचेतनाका साथै आङ खस्ने समस्या भएका महिलाहरुका लागी रिङ राख्ने व्यवस्था गर्ने नीति लिइनेछ ।

७४.किशोरीहरुको सामाजिक, आर्थिक, मानसिक शारिरिक विकासका लागि **किशोरि सँग उपाध्यक्ष** कार्यक्रमलाई निरन्तरता दिईने छ।

७५. १६ वर्ष मुनिका आमा र बुवा दुवै नभएका टुहुरा बालबालिकाहरुलाइ मासिक ५००|०० र आमा वा वुवा मध्ये कुनै एक नभएका असहाय टुहुरा बालबालिकाहरुलाइ मासिक रु २५०|०० का दरले निर्वाहमुखी भत्ता वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७६.जेष्ठ नागरिकहरुको सम्मान र सत्कारका लागी **अध्यक्ष संग जेष्ठ नागरिक कार्यक्रम** संचालनमा ल्याईनेछ । गत आ.व.देखि संचालनमा ल्याइएको जेष्ठ नागरिक सम्मान कार्यक्रमलाइ निरन्तरता दिइ प्रत्येक वडाहरुमा बृद भेटघाट कार्यक्रम सामाग्री वितरण र स्वास्थ्य परिक्षण जस्ता क्रियाकलापहरु संचालनमा ल्याइनेछ ।

७७.लेकम गाउँपालिका भित्रका विपन्न असहाय एकल पुरुषहरुको पहिचान गरि तिनिहरुको जिविकोपार्जनमा सहज हुने कार्यक्रम संचालन गरिनेछ ।

७८.छोरा छोरी वा लालनपालन गर्ने आफन्त नभएका बृद्व बृद्वाहरुका लागी आश्रय स्थलको रुपमा बृद्वाआश्रम स्थापनाका लागी संघ र प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।

७९.सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

८०.प्रत्येक स्थानिय पन्जिकाधिकारीहरु लाई सामाजिक सुरक्षा MIS तालिम सञ्चालन गरिने छ।

८१.जनप्रतिनिधिहरुका लागि सामाजिक सुरक्षा र व्यक्तगत घटना दर्ता सम्बन्धि गोष्ठी संचालन गरिने छ ।

८२.आधारभुत तहको शिक्षालाइ गुणस्तरिय बनाउदै कक्षा १२ सम्मको शिक्षामा सबै बालबालिकाहरुको नि:शुल्क पहुँच हुनेछ ।

८३.लेकम गाउँपालिकाका सबै वडाहरुमा रहेका सामुदायिक विद्यालयहरुमा **EGRP** कार्यक्रम लागु गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

८४. लेकम गाउँपालिका वडा नम्बर २ र ४ को बिचमा रहेको कैनोडा टावरमा नेपाल टेलिकम र सम्बन्धित सरोकारवाला सबै संग समन्वय गरि विद्धुत क्षमता विस्तार गरिनेछ साथै नेपाल टेलिकम संग आवश्यक पहल गरि लेकम गाउँपालिका भित्र 4G सेवा विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

८५.कैनोडा टावरबाट ईन्टरनेट सेवा विस्तारका लागी नेपाल टेलिकम संग आवश्यक पहल गरि लेकम गाउँपालिका भित्रका सम्पुर्ण वडा हरुमा Lease Line ईन्टरनेट सेवा विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

८६.पारदर्शिता र सुशासन कायम गर्ने महत्वपुर्ण शासन विद्धुतिय शासन भएकोले लेकम गाउँपालिका भित्रका सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई ICT तालिम दिईनेछ र यसका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८७.विद्युतिय तथा ICT को माध्यमबाट गाउँपालिकाको सेवा प्रवाह गर्न दर्ता चलानी व्यवस्थापन प्रणाली,योजना व्यवस्थापन प्रणाली र जिन्सी व्यवस्थापन प्रणाली प्रयोगमा ल्याइनेछ । र यसका लागी आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।

८८. व्यक्तिगत सूचना प्रणाली (PIS) प्रयोगमा लाई कर्मचारी तथा जनप्रतिनिधिहको अभिलेख व्यवस्थित गरिनेछ । र यसका लागी आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।

८९.आम नागरिकको सुचनाको पहुचको लागी Bulk Sms तथा Group SMS सेवा विस्तार गरिनेछ । र यसका लागी आवश्यक बजेटको समेत व्यवस्था गरिनेछ ।

९०.कर बुझाउने प्रकृयालाई सहज सरल र कम झन्झटिलो बनाई कर दाता मैत्री वातावरण निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

९१. गाउँपालिका क्षेत्र भित्र हुने बाल बिबाह तथा किशोराबस्थाको गर्भधारण निरुत्साहित गर्न जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

९२."घर घरमा हरियो झन्डा सुत्केरीलाई कुखुराको अण्डा"भन्ने नाराका साथ उत्तर प्रसुती अवस्थामा मातृ तथा नव शिशु स्वास्थ्यमा देखिने जटिलता रोकथाम तथा ब्यवस्थापनका लागी आवश्यक कार्यक्रम संचालन गरिने छ ।साथै स्वास्थ्य संस्थामा सुत्केरी हुने प्रत्येक आमालाई उपाध्यक्षको कोशेलीको ब्यबस्था गरिनेछ ।

९३. आधारभुत स्वास्थ्य केन्द्रहरुबाट समेत संस्थागत सुत्केरी सेवा संचालन गर्न पुर्बाधार निर्माण तथा संचालनमा रहेका Birthing Centre हरुको क्षमता बिकास गरिने छ ।

९४. Covid 19 को संक्रमण रोकथाम नियन्त्रण तथा उपचार ब्यवस्थापनको कार्य लाई निरन्तरता दिदै कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्य स्थानिय तहहरु संग समन्वय तथा सहकार्यको निती लिइने छ ।

९५.राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई अझै प्रभावकारी बनाउन आवश्यक सामग्री तथा थप सेवा सुबिधा उपलब्ध गराइनेछ ।

९६.गुणस्तरिय एबं प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनका लागी दक्ष जनशक्ती उत्पादन तथा स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

९७. पुर्ण खोप दिगोपना तथा सुनिश्चितता अवस्थालाई कायम राख्दै बालबालिका तथा किशोरावस्थामा हुने कुपोषण न्युनिकरणका लागी आवश्यक पहल गरिने छ ।

९८.लेकम गाउँपालिकाका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागी विद्यालय प्र.अ.र शिक्षकहरुलाई उनिहरुको कार्य सम्पादनको आधारमा प्र.अ.,शिक्षक सम्मान कार्यक्रम गरिनेछ ।

९९.आम जनसमुदाय सम्म स्वास्थ्यका सन्देश तथा सुचनाहरु पुरयाई सकारात्मक व्यवहार परिवर्तनका लागी कार्यक्रमहरु उत्पादन तथा विद्धुतिय सुचना प्रणाली मार्फत प्रशासण गर्न आवश्यक पहल गरिनेछ ।

१००.विद्यालयहरुलाई बालमैत्री सिकाईको आधारमा शिक्षण कार्यलाई अगाडी बढाईनेछ ।

१०१.लेकम गाउँपालिकाका सम्पुर्ण सामुदायिक विद्यालयहरुको आधारमा शिक्षण सिकाई लाई प्राथमिकता दिई असल शिक्षण अभ्यासहरु लाई प्रोत्साहित गरिनेछ ।

१०२.विद्यालयलाई समय सुहाउदो ICT युक्त विद्यालय वातावरणको सृजना गरिनेछ ।

१०३.गाउँपालिका र अन्तर्गतका सम्पुर्ण सरकारी कार्यालयहरु र माध्यमिक विद्यालयहरुमा ई हाजिरी र आ वि शिक्षकहरुलाई ICT तालिम दिइनेछ ।

१०४.शिक्षा युवा तथा खेलकुद शाखाले बार्षिक कार्यक्रम प्रस्तुत गरि शैक्षिक क्यालेन्डर र बुलेटिन प्रकाशन गरिनेछ ।

१०५.२१ औ शताब्दीका बालवालिकाहरुलाई समय सुहाउदो परिवेश अनुसारको प्रतिभा पहिचानका कार्यक्रमहरु संचालन गरिनेछन।

१०६.माध्यमिक तहका बालबालिकाहरुको खेल प्रतिको रुचिलाई मध्यनजर राख्दै स्थानिय स्तरिय राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिताका रुपमा **अध्यक्ष कप** लाई निरन्तरता दिईनेछ ।

१०७.सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर लाई मध्यनजर राख्दै शिक्षा तर्फको बिनियोजित बजेटलाई डल्लो रुपमा नराखी विद्यालयहरुको शिक्षक बिद्यार्थि अनुपात र आवश्यकता लाई मध्यनजर राखी परिक्षणका रुपमा विद्यालयको पहिलो कक्षा १ का लागी १९ जना शिक्षक दरबन्दी कायम गरिनेछ । साथै गाउँपालिका भित्र आधारभुत तह र मा वि तहमा बिद्यार्थि संङ्या र विद्यालयको आवश्यकताका आधारमा गा.पा शिक्षकको नाम दिई दरबन्दी सृजना गरिनेछ ।

१०८.विदयालय अनुगमन र सुपरिवेक्षणमा जोड दिइनेछ ।

१०९.आ.व.२०७७|०७८ देखि लागु हुने गरि लेकम गाउँपालिकाको शिक्षा ऐन लागु गरिनेछ ।

११०.बिश्व कोभिड १९ का कारण महामारीमा परेको परिवेशमा विद्यालयहरु क्वारेन्टाइन स्थलका रुपमा परिणत भएकोले सम्पुर्ण विद्थार्थीहरु विद्यालय शिक्षाबाट बन्चित रहेकाले ति बन्चित बिद्यार्थीहरुका लागी दुर शिक्षा एवम बहुबैकल्पिक शिक्षण शिकाई कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१११.गाउँपालिकाको समृदवीका लागी शिक्षा अभियान अन्तर्गत विविध कार्यक्रमहरु संचालन गरिनेछन ।

११२.शिक्षा युवा तथा खेलकुद शाखालाई व्यवस्थित एवम् सुदृढ गरिनेछ ।

११३.बाल कक्षा देखि कम्तीका कक्षा ५ सम्मलाई पुर्णतः बालमैत्री स्रोत साधन र सामाग्री सम्पन्न बनाउने निति ल्याइनेछ । प्रत्येक विद्यालयहरुका विद्यार्थीहरुको शारिरिक र मानसिक विकासका लागी योग शिक्षालाई प्राथमिकता दिईनेछ ।

११४.स्थानिय तहले विद्यालयलाई केन्द्र बिन्दु बनाएर शिक्षकको निरन्तर पशागत बिकास कार्यक्रमहरु कार्यशाला मनिटरिङ,कोचिङ,शिक्षक नेटवर्क जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

११५.लेकम गाउँपालिकामा CTEVT द्वारा संचालित प्राविधिक शिक्षालयहरुको व्यवस्थापन तथा सुधार गरिनेछ ।

११६.लेकम गाउँपालिकाको भौगोलिक बिकटतालाई मध्यनजर गरि बालबालिकाको कक्षा १ पुर्वको ECD अनुभवलाई राष्ट्रले नै आधारभुत पक्षका रुपमा अंगालेको अवस्थामा थप बालविकास केन्द्र स्थापना गरिनेछ ।

**ग. भौतिक पुर्वाधार विकास**

११७.गाउँपालिकाको विकास प्रकियालाई रणनितिक महत्त्वका साथ सञ्चालन गर्न विकासका हरेक क्षेत्रका विगतका उपलब्धी,वर्तमानको आवश्यकता र भावि अपेक्षित उपलब्धीहरुलाई मध्यनजर गरि गाउँपालिकाको त्रिवर्षिय योजना निर्माण गरि विकास प्रकृयालाई निश्चित दिशा निर्देश गरिनेछ । त्रिबर्षिय योजना र बार्षिक बजेट निति तथा कार्यक्रमका बिचमा उचित तालमेल गर्ने औजार मध्यकालिन खर्च संरचनाको अवधारणालाई प्राथमिकताका साथ सञ्चालन गर्न र सो त्रिबर्षिय योजना निर्माणका लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

११८.विगतका क्रमागत योजनाहरु लाई यसै वर्ष सम्पन्न गर्ने गरि बजेट विनियोजन गरिने छ ।

११९.वडा स्तरिय योजनहरुको हकमा रु दुई लाख भन्दा साना योजनाहरु र गाउँपालीका स्तरिय योजनाहरुको हकमा पाँच लाख भन्दा साना योजना नबनाईने तर विशेष परस्थिति जस्तै एकल बस्ती , स साना मर्मत सम्भांर एवम् अति अपरिहार्य भएको अवस्थामा मात्रै सो भन्दा कम रकमको समेत बजेट विनियोजन गरिनेछ ।

१२०.**गाउँटोल हराभरा घरघरमा पानी धारा** भन्ने नाराका साथ खानेपानी र सरसफाई सम्बन्धी कार्यक्रमहरु उच्च प्राथमिकताका साथ सञ्चालन गरिने छ । खानेपानीका सहज पहुँच नभएको  कुणी, कुश्कडा लगायतको क्षेत्रमा लिफ्टिङ खानेपानी सञ्चालनका लागी केन्द्र र प्रदेश सरकार सगँ समन्वय र सहकार्य गर्दौ खानेपानीका सुविधाहरु विस्तार गरिने छ । आवश्यक सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालय निमार्ण गरिने छ ।

१२१.भौतिक संरचनाहरुको निमार्णमा गुणस्तरियता बृद्धि गर्न स्थानीय डकर्मीहरुको दक्षता अभिबृद्धि सम्बन्धी तालीम सञ्चालन गरिने छ

१२२.**उज्यालो लेकम सम्बृद्ध लेकम** कार्यक्रम अन्तगत आगामि आर्थिक वर्ष भित्र प्रत्येक घरघरमा विजुली सुविधा पुर्याउन संघिय र प्रदेश सरकास सगँ समन्वय गर्दै अगाडी बढाइनेछ । र लेकम गा.पा २ को कैनोडा टावरमा आर्थिक वर्षको प्रथम ४ महिना भित्र विद्धुत विस्तारको लागी बजेट बिनियोजन गरिनेछ ।

१२३. हाल सवै वडाहरुमा वडा कार्यालय भवन निमार्ण भई सञ्चालन समेत भईसकेको र सवै वडा कार्यालहरुमा घेरवार , प्रतिक्षालय र सुरक्षा गार्डको व्यवस्था गरिने छ ।

१२४.हाल गाउँपालीका अन्तर्गत विस्तार भईसकेका सडक सञ्जालहरुको स्तरोन्नती गरिने छ । गोकुलेश्वर लाली सडक खण्डलाई उच्च प्राथमिकताका साथ स्तरोन्नती गरिने छ । र गाउँपालीका अन्तगत सडक सञ्जाल विस्तार र स्तरोन्नती को लागी संघिय र प्रदेश सरकार सगँ आवश्यक समन्वय र सहकार्य गरिने छ । साथै **गाउँगाउँ बस्ती बस्ती मा सडकको** अवधारण अवलम्बन गरिने छ ।

१२५.दश लाख भन्दा माथिका योजना, आयोजनाहरु अनिवार्य रुपमा ठेक्का मार्फत गरिने छ तर  स्थानीय उपभोक्ता समुदाय सगँ सहकार्य नगरि

नहुने र स्थानीय स्रोत साधन परिचालन हुने योजनाहरु मात्र उपभोक्ता समिति मार्फत संचालन गरिनेछ ।

१२६.यस वर्ष सञ्चालन गरिने योजनाहरु मंसिर मसान्त मा सम्झौता सम्पन्न गरि योजना कार्यान्वयन लाई प्रभावकारिताका साथ सञ्चालन गरिने छ ।

१२७.गाउँपालीकाका विभिन्न क्षेत्र मा विस्तार भईसकेको सडक सञ्जाल मा समय समयमा हुने बाढी पहिरो लगायको अवरोधलाई हटाउन र सडक निरन्तर सुधारका लागी वर्षै व्याक हुईलर को प्रयोग गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१२८.प्राकृतिक स्रोत साधनको अनावश्य दोहनलाई रोकी स्रोत साधनको प्रयोगलाई व्यवस्थीत बनाउन महाकाली, चमेलीया र अन्य नदि खोला नाला लगायतका क्षेत्रहरुमा IEE/EIA गरिने छ ।

१२९.सम्भांव्य सिचाई क्षेत्रमा सिचाई सुविधा विस्तारका लागी आवश्यक बजेट विनियोजन गरिने छ ।

१३०.खानेपानी मुल दर्ता प्रक्रिया अगाडी बढाउन गाउँपालीकाको जलस्रोत ऐन (कार्यविधि) जारि गरिने छ ।

१३१.सामुदायीक भवन निमार्ण हुन नसकेका गाउँ,टोलहरुमा सामुदायीक भवन निमार्णका लागी अवश्यक बजेट विनियोजन गरिने छ ।

१३२.नेपाल राजपत्रमा गाउँपालीकाको केन्द्र रातामाटा तोकीईसकेको र हाल उक्त स्थान नजिकै सडक सञ्जाल समेत विस्तार भईसकेकोले गाउँपालीका भवन निमार्णका लागी आवश्यक पहल गरिने छ ।

१३३.गाउँपालीका क्षेत्र भित्रका संभाव्य प्रर्यटकिय स्थलहरुको पहिचान गर्दा आवश्यक पूर्वाधारको निमार्णलाई प्राथमिकताका साथ सञ्चालन गरि आन्तरिक र बाह्य प्रर्यटन प्रवद्र्धन गर्दै स्थानीय आय आर्जन विस्तार गरिने छ ।

१३४.भौतिक संरचना निमार्ण सम्बन्धी आचार संहिता निमार्ण गरि गाउँपालीका भित्र निमार्ण गरिने संरचनाहरु लाई व्यवस्थीत गरिने छ ।

१३५.प्रत्येक वडाहरुमा वडा स्तरिय खेलकुद मैदान र एउटा गाउँपालीका स्तरिय खेलकुद मैदान स्थापन गरिनेछ ।

१३६.गाउँपालिकाको केन्द्र रातामाटा नजिकै पायक पर्ने स्थानमा गाउँपालीका स्तरिय एउटा हेलीप्याट स्थापन गरिने छ ।

१३७.गाउँपालिका अन्र्तगत रहेका विभिन्न मठ मन्दीर हरुको सरक्षण, मर्मत संभार गर्दै धार्मिक प्रर्यटन लाई प्रर्वद्धन गरिने छ ।

१३८. खाद्यान्न लगायत कृषि उपजको भण्डारण का लागी प्रत्येक वडाहरुमा  शित भण्डारको स्थापना गरिने छ ।

१३९.गाउँघरमा परम्परा देखी प्रयोग गरिर्दै आएको चुलो का कारण बन क्षेत्र मा परेको असर र मानविय स्वास्थ्यमा परेको प्रभावलाई मध्य नजर गरि वैकल्पीक उर्जा कार्यक्रम अन्र्तगत गाउँपालीकाको पचास प्रतिसत अनुदानमा  घरघरमा आधुनिक चुलो को अवधारणालाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

१४०.विश्वव्यापी उष्णता, जलवायु परिवर्तन बढिरहेको विद्यमान अवस्थामा वृक्षारोपण कार्यक्रम अन्र्तगत **एक रुख काट्दा दश रुख रोपौ** अभियान सचांलन गरि नेपाल सरकारले अवलम्बन गरेको कार्वन व्यापारमा समेत टेवा पुग्ने गरि वृक्षारोपण कार्यक्रम लाई स्थानीय समुदायबाटै कार्यान्वयन गरिने छ ।

१४१.खहरे खोला र पहिरो नियन्त्रणको लागी वायो इन्जीनियरिङ र हरित सडक अभियानलाई उच्च् प्राथमिकताका साथ अवलम्बन गरिने छ ।

१४२.गाउँपालीकाको  प्राविधिक क्षमतालाई अभिवृद्वी गर्न आवश्यक पर्ने अटो लेवल मेसिन ,टि एस लगायतका प्राविधिक उपरण खरिद गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

१४३.भारत सगँ सिमा जोडिएको वडा नं.३ को लालीमा भारत सगँको सहकार्यमा पक्कि मोटरेवल पुल स्थापना गरि छोटी भन्सार कार्यालय वा भन्सार स्थापनाका लागी केन्द्र सरकार सग आवश्यक पहल गरिने छ । साथै चौलानी बैतडी दार्चुला जोड्ने सेरा पक्की पुल,बैतडी दार्चुला जोड्ने चोचेबगर पक्की पुल स्थापना लागी साथै गाउँपालिका भित्र आवश्यक पर्ने ठाउँमा झोलुङ्गे पुलको लागी केन्द्र वा प्रदेश सरकार संग आवश्यक पहल गर्ने नीती लिइनेछ ।

१४४.गोकुलेश्वर लाली सडक खण्ड अन्तर्गतको रिठेगाडमा पक्की मोटरेवल पुल निर्माणका लागी केन्द्र र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

१४५.गोकुलेश्वर लाली सडक खण्डको ट्रयाक खोल्ने कार्य आगामी आ.व.मा सम्पन्न गरि सो सडकलाई जतिसक्दो चाडो स्तरोन्नती गर्न संघिय सरकार संग आवश्यक पहल गरिनेछ ।

१४६.गोकुलेश्वर बजार सँग सिमाना जोडिएको वडा नं.६ र भारत सँग सिमाना जोडिएको वडा नं.३ लाई व्यापारिक नाकाका रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ । वडा नम्बर ५ को चौपातामा १५ शैयाको सुविधा सम्पन्न स्वास्थ्य सुविधा विस्तारको लागी आवश्यक संरचना निर्माणका लागी संघिय इकाईहरु संग समन्वय गरिनेछ ।

१४७.गाउँपालिका भित्र उत्पादन हुने स्थानिय स्रोत साधन जस्तै चिउरीको साबुन,सालका पातको टपरि,बाँसका डोकाडाला लगायतका क्षेत्रमा लघु उद्यम विकास एवम विस्तारको लागी स्थानिय समुदाय एवम उद्ध्यमीहरु संग समन्वय एवम सहकार्य गरिनेछ ।

१४८.गाउँपालिका अन्तर्गत प्रत्येक घरधुरीको वास्तविक एवम् वस्तुपरक आर्थिक सामाजिक विकासको अवस्था झल्कीने गरि आम नागरिकहरुको जिवनस्तरलाई निम्न,मध्यम र उच्च स्तरमा वर्गिकरण एवम नक्साकंन

गरिने छ र सोही आधारमा उच्च प्राथमिकताका साथ निम्न स्तर भएका नागरिकको जिवनस्तर अभिबृद्वी गर्ने कार्यक्रमहरु सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

१४९. आवास बिहिन बादी समुदायहरुलाई पहिचान गरि व्यवस्थापनको लागी क्रमश आवासको व्यवस्था गर्ने निति लिइएको छ ।

१५०.बम्नेत देखि श्रीपुर जाडाकोट लिफ्ट सिचाईका लागी सम्बन्धित निकायलाई पहल गर्ने नीती लिएको छ ।

**घ. वन, वातावरण र विपद व्यवस्थापन**

१५१. भुक्षय र पहिरोको जोखिम नियन्त्रण तथा घरेलु परम्परागत उद्योगको संचालनका लागी बाँस तथा निगालो रोपणमा विशेष प्राथमिकता दिईनेछ ।

१५२.बिश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाईरस कोभिड १९ को बढ्दो सङ्क्रमणको जोखिम न्युनिकरण तथा नियन्त्रणको लागी आवश्यक व्यवस्था गरिनेछ ।

१५३.गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक/निजि वन, सार्वजनिक स्थलहरुको संरक्षण सम्वर्दन गर्न र पर्यावरणीय सन्तुलन कायम गर्न बन उपभोक्ता समितिहरुलाई सकृय गरि वृक्षारोपण सहित आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

१५४.जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासका क्रियाकलापहरु सन्चालन गरिनेछ ।

१५५.वित्तिय सुशासन कायम राख्न तेश्रो पक्षबाट सार्वजनिक सुनुवाइलाइ निरन्तरता दिइनेछ ।

१५६.गाउँपालिकाबाट दिइने सेवा प्रवाहलाइ चुस्त दुरुस्त बनाइनुका साथै भ्रष्ट्रचारसम्बन्धी शुन्य सहनशिलताको निति अबलम्बन गरिनेछ ।

१५७.आयोजनाको दिगोपनाका लागि गाउँपालिका र वडास्तरिय अनुगमन मुल्यांकन समितिलाइ थप प्रभावकारी बनाइदै लगिनेछ ।

१५८.सुचनाको हक प्रत्याभुति दिन तथा सुचना संप्रेषण गर्ने सन्चार माध्यमहरुको पहुच अभिवृदी हुने कृयाकलापहरु सन्चालनमा जोड दिइनेछ ।

१५९.आर्थिक नियन्त्रण प्रणालिलाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाई चौमासिक रुपमा आ.ले.प.प्रतिवेदन अनिवार्य गरि लागु गरिनेछ ।

१६०.सेवा प्रवाह लाई चुस्त दुरुस्त र पारदर्शी बनाउन लेकम गाउँपालिका अन्तर्गतका सम्पुर्ण कार्यालयहरुमा नागरिक बडापत्र अनिवार्य रुपमा राखिनेछ ।

१६१.गाउँपालिका भित्र सरकारी कामकाजको सिलसिलामा खटिने गाउँपालिकाका प्राविधिक कर्मचारीहरुलाई मासिक रुपमा फिल्ड भत्ताको व्यवस्था गरिनेछ ।

सम्पुर्ण गाउँसभा सदस्य एवम कर्मचारी मित्रहरु

अब म यस सम्मानित सभामा आ.ब.२०७७।७८ को लागि संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदानको बारेमा जानकारी गराउन चाहन्छु ।

**संघिय सरकारबाट प्राप्त अनुदान**

राजश्व बाँडफाड तर्फ ५,८६,७६,०६०।०० (पाँच करोड छयासि लाख छहत्तर हजार साठी रुपैया ।)

वित्तीय समानिकरण तर्फ १०,२८,००,०००।०० (दश करोड अठ्याईस लाख ।)

सशर्त तर्फ २०,१३,००,०००।००(बिस करोड तेह्र लाख ।)

विशेष अनुदान १,५०,००,०००|०० (एक करोड पचाँस लाख )

**सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान**

वित्तिय समानिकरण तर्फ ७०,००,०००|०० (सत्तरी लाख )

सवारी साधन कर तर्फ ५,८४,०००|००(पाँच लाख चौरासी हजार)

**जम्मा रकम** ३८,५३,६०,०६०|००(अठ्तिस करोड त्रिपन्न लाख साठी हजार साठी रुपैया ।)

**योजनाहरु प्राथमिकिकरण छनौटका आधार तथा मापदण्डहरु तय गरिएको छ ।**

क.बजेट तर्जुमा गर्दामा कोरोना भाईरसबाट सृजित बिषम परिस्थितिलाई मध्यनजर गरि बजेट बिनियोजन गरिने ।

ख.आर्थिक विकास र गरिबी न्युनिकरणमा प्रत्यक्ष योगदान पुर्याउने

ग.उत्पादनमुलक र छिटो प्रतिफल दिने

घ.राजश्व परिचालनमा योगदान दिने

ङ.स्थानिय श्रोत साधनमा आधारित भइ सहभागिता अभिवृदि गर्ने

च.लैङ्गिक समानता सामाजिक समावेशिकरणको अभिवृदी गर्ने

छ.स्थानिय संस्कृती र पहिचान प्रवर्दन गर्ने

ज.दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने

झ.सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने लेकम गाउँपालिकाका सम्पुर्ण पदाधिकारीहरु ,मातहतका कर्मचारीहरु, विभिन्न राजनितिक दलका पदाधिकारीहरु,पत्रकार मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु , सम्पुर्ण अग्रज व्यक्तित्त्व,समाजसेवी,बुद्विजिवी र यस गाउँपालिकामा रहनु भएका सबै आमाबुवा,दिदि बहिनी तथा दाजुभाइहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यस गाउँपालिकाको विकासमा सहयोग पुर्याउने आम नागरिक, करदाता र सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

विभिन्न समस्या र चुनौतीहरुका बाबजुत बस्तुगत यथार्थ धरातलमा उभिएर ति समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिबद्द र एकताबद्द बनौ साथै लेकम गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि आशाबादी बनौ ।

# धन्यबाद ।